

कान्तिपुर




प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

बागमती प्रदेश

हेटौडा, मकवानपुर

# बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२३**

कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा बाट आ.व. २०७७/७८ मा संचालन गरिने बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम रहेको हुँदा कार्यक्रम संचालन गर्न ईच्छुक बागमती प्रदेशका कृषक, निजी फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्वन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै आवेदकहरु सम्वन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिने छ।

**आवश्यक कागजातहरुः**

क) रु. १०/- को टिकट टाँस गरेको निवेदन,

ख) आवेदकको नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि र संस्थाको हकमा प्रचलितरु ऐन बमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र।

ग) सम्बन्धित स्थानीय तहको कार्यक्रम सन्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

घ) समूह वा सहकारीको कार्यसमितिको बैठकले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

ङ) प्रस्ताव आवेदकले आफूले संचालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको प्रस्ताव,

च) बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया छ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज,

छ) सम्वन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानिय तहको स्वीकृती वा सिफारिस,

ज) अनुसूचि ४ बमोजिमको स्वघोषणा पत्र।

**पुनश्चः** बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट http://molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेभसाईट doad.bagmati.gov.np बाट प्राप्त गर्न सकिनेछ।



कान्तिपुर




प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

बागमती प्रदेश

हेटौडा, मकवानपुर

# बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२३**

कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा बाट आ.व. २०७७/७८ मा संचालन गरिने बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम रहेको हुँदा कार्यक्रम संचालन गर्न ईच्छुक बागमती प्रदेशका कृषक, निजी फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्वन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै आवेदकहरु सम्वन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिने छ।

**आवश्यक कागजातहरु:**

क) रु. १०/- को टिकट टाँस गरेको निवेदन,

ख) आवेदकको नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि र संस्थाको हकमा प्रचलितरु ऐन बमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र।

ग) सम्बन्धित स्थानीय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।

घ) समूह वा सहकारीको कार्यसमितिको बैठकले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

ङ) प्रस्ताव आवेदकले आफूले संचालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको प्रस्ताव,

च) बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया छ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज,

छ) सम्बन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानिय तहको स्वीकृती वा सिफारिस,

ज) अनुसूचि ४ बमोजिमको स्वघोषणा पत्र।

**पुनश्च:** बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेभसाईट http://molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेभसाईट doad.bagmati.gov.np बाट प्राप्त गर्न सकिनेछ।